नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० | अंक २४५ | २०७८ साल बैशाख २० गते सोमबार (3 May 2021 Monday) | मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*



**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- फरार अभियुक्तले सार्वजनिक संस्थाबाट पाउने सेवा सुविधा लिन नपाउने र निजको अधिकार कटौती हुने,
- आफ्नो नाममा जारी भएको म्याद नबुझ्ने वारिस वा कानून व्यवसायीलाई अदालतमा प्रतिनिधित्व गर्न नदिने,
- सरकारवादी मुद्दाका साक्षीलाई सरकारले दैनिक भ्रमण भत्ताको सुविधा र आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने,
- नबुझी नहुने साक्षी उपस्थित नभएमा जरिवाना तथा पक्राउ गर्न सकिने,
- पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



*यस अंक भित्र :* २ पृष्ठमा : कोशी टप्पुमा ... ३ पृष्ठमा : स्थानीय तहलाई सूचना तथा ... ४ पृष्ठमा : बढी मूल्यमा मास्क ...


# गजेन्द्र नारायण सिंह अस्पतालमा २५ बेडको कोभिड-१९ अस्पताल सञ्चालन



**दैनिक समाचारदाता**
**राजविराज, १९ बैशाख ।**

कोरोना भाइरस संक्रमितको उपचारका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा आइतबारबाट अत्याधुनिक सुविधासहितको २५ बेडको कोभिड-१९ अस्पताल सञ्चालनमा आएको छ ।

अस्पतालको परिसर भित्रै एचडीयु (हाइ डिपेन्डेन्सी युनिट) कक्षको निर्माण गरी सो अस्पताल सञ्चालनमा आएको अस्पतालका प्रमुख डा. रणजीत कुमार झाले जानकारी दिएका छन् ।

एचडीयुलाई जेनेरल एचडीयुमा १४, आइसीयुमा सात र भेन्टिलेटरमा चार वटा बेडको व्यवस्थापन गरी कोभिड अस्पताल सञ्चालनमा ल्याएको उनले बताए ।

यता जिल्ला संकट व्यवस्थापन केन्द्रले तीन दिनभित्र साईकृष्ण मेडिकल कलेज भवनमा आइसोलेशन केन्द्र सञ्चालन गर्ने निर्णय गरेको भन्दै प्रमुख डा. झाले स्थानीय तह, प्रदेश र संघबाट बजेट र जनशक्ति उपलब्ध भएमा ३० बेड सम्मको आइसोलेशन सञ्चालन गर्न सकिने बताए ।

# नौं जनामा पुष्टि भएसँगै संक्रमितको संख्या ८५

**दैनिक समाचारदाता**
**राजविराज, १९ बैशाख ।**

कोरोनाको त्रास बढ्दै गएको अवस्थामा सप्तरीमा आइतबार ९ जनामा कोरोना संक्रमणको पुष्टि भएको छ । योसँगै जिल्लामा संक्रमण पुष्टि हुनेको संख्या ८५ पुगेको छ ।

गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा १३ जनाको पिसिआर परीक्षण गर्दा ९ जनामा संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले जानकारी दिएका छन् ।

संक्रमण पुष्टि हुनेहरुमा राजविराज नगरपालिका वडा नं. ८ का ५० वर्षीय पुरुष, वडा नं. ५ का ३६ वर्षीया महिला, ३६ वर्षीया महिला र ४२ वर्षीय पुरुष, वडा नं. १३ का ७० वर्षीय पुरुष, ७ का २५ वर्षीय पुरुष संक्रमित भएको उनले जानकारी दिए ।

यस्तै जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ४ का ७० वर्षीय पुरुष, हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १४ का ४० वर्षीय पुरुष तथा बोदेबरसाईन नगरपालिका वडा नं. ९ का ४० वर्षीय पुरुषमा संक्रमण पुष्टि भएको छ ।

कोरोना संक्रमणबाट हालसम्म सप्तरीमा ४३ जनाको मृत्यु भएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

# सात हजार २ सय ११ जनामा संक्रमण पुष्टि

**दैनिक समाचारदाता**
**काठमाडौं, १९ बैशाख ।**

पछिल्लो २४ घण्टामा नेपालमा १७ हजार ७ सय ७० नमुना परीक्षण गर्दा ७ हजार २ सय ११ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांक अनुसार अघिल्लो साताको तुलनामा यो साता संक्रमितको संख्या १३६.८ प्रतिशत बढेको छ ।

यससँगै देशभर सक्रिय संक्रमितको संख्या ४८ हजार ७ सय ११ पुगेको छ । जसमध्ये ३ हजार ५ सय ३० जना संस्थागत आइसोलेसनमा छन् । ४५ हजार १ सय ८१ जना होम आइसोलेसनमा रहेको छ । उपचाररत संक्रमितमध्ये ४ सय ७७ जना आईसीयूमा छन् ।

कोरोना भाइरस संक्रमणका कारण थप २७ जनाको मृत्यु भएको छ । यससँगै मृतकको संख्या ३ हजार ३ सय ३५ पुगेको छ ।

पछिल्लो २४ घण्टामा १६१२ जना कोरोना भाइरस संक्रमणमुक्त भएका छन् । यससँगै संक्रमितमुक्त हुनेहरुको संख्या २ लाख ८३ हजार ९९४ पुगेको छ ।

मन्त्रालयका अनुसार काठमाडौंमा २ हजार ७०४, ललितपुरमा ५५०, रुपन्देहीमा ४६६, बाँकेमा ४०६, भक्तपुर ३०१, मोरङमा २४९, कैलालीमा २३२, धनुषामा २२८ जना कोरोना संक्रमण थपिएका छन् ।

यस्तै मकवानपुर १६९, दाङमा १३३, पर्सामा ११२, महोत्तरीमा १०७, नवलपरासी पश्चिममा ८०, चितवनमा ७७, सुनसरीमा ७४, कास्कीमा ६९, बर्दिया ५१, नुवाकोटमा ४६, बारामा ४४,कपिलवस्तुमा ४१, बैतडीमा ३८, अर्घाखाँची ३७, रौतहटमा ३६, सिन्धुपाल्चोक ३३ जना कोरोना संक्रमित थपिएका छन् ।

यस्तै सिरहा र सिन्धुलीमा ३२/३२ जना, डडेलधुरामा २८, सर्लाहीमा २७, दैखेलमा २५, कञ्चनपुरमा २४, काभ्रेपलाञ्चोकमा २३, नवलपरासी पूर्व, डोटी १९,सप्तरीमा १७, गोरखामा १६, तनहुँमा १४, रामेछापमा १३, गुल्मी, पाल्पमा ११, जुम्लामा १० जना कोरोना संक्रमित थपिएका छन् ।

यस्तै इलाम, दोलखा, लम्जुङ र अछाममा ८/८ जना, पर्वत, म्याग्दी, कालिकोटमा ७/७ जना, बागलुङ र स्याङ्जामा ६/६ जना, उदयपुर, रूकुम पूर्व, रोल्पा र सल्यानमा


***बाँकी अन्तिम पृष्ठमा***



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वाथ्य सेवा विभाग
**गजेन्द्र नारायण सिंह अस्पताल**
राजविराज, सप्तरी

मिति :- २०७८।०१।१७

**विषय : कर्मचारी आवश्यक्ता**

प्रस्तुत विषयमा यस अस्पताल अन्तर्गत कोभिड १९ संक्रमणको दोश्रो लहर फैलिएको कारण साईकृष्णा अस्पतालमा अस्पताल तथा पि.सि.आर. ल्याब समेत संचालन गर्नु पर्ने हुँदा यस अस्पतालको मिति २०७८।१।१७ को निर्णय बमोजिम तपसिल बमोजिमको ६ महिनाको लागि कर्मचारी आपूर्तिको लागि यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र शैक्षिक योग्यता समेतको निवेदन पेश गर्नु हुन अनुरोध छ ।

**१. मेडिकल अधिकृत : ५ जना**
**२. स्टाफ नर्स : ५ जना**
**३. हेल्थ असिस्टेन्ट : ५ जना**
**४. माईक्रोबायोलोजिष्ट : १ जना**
**५. मेडिकल ल्याव टेक्नोलोजिष्ट : २ जना**
**६. मेडिकल ल्याव टेक्निसियन : ३ जना**
**७. स्वीपर : ८ जना**

**शैक्षिक योग्यता** : नेपाल सरकारको तोकिएको शैक्षिक योग्यता ।
**तलब** : अस्पतालको नियमानुसार ।
ल्याव टेक्निसियनको हकमा पिसिआर ल्यावमा काम गरेकोलाई विशेष ग्राहयता दिईनेछ ।
**उमेर** : १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
**स्थान** : गजेन्द्र नारायण सिंह अस्पताल प्रशासन शाखा ।

डा. रणजित कुमार झा
नि. प्रमुख मेडिकल सुपरिटेन्डेन्ट
ग.ना.सिंह अस्पताल, राजविराज

# सम्पादकीय

## महामारीप्रति संवेदनशिल बनौं

सप्तरीमा कोरोनाको त्रास बढ्दै जाँदा मानिसहरु अहिले पनि स्वास्थ्य मापदण्डको पालना गर्न अटेर गरिरहेका छन् । जिल्लामा दिनहुँ संक्रमितहरु बढिरहेका छन् । स्थानिय प्रशासनले दिनहुँ महामारी नियन्त्रण तथा रोकथामका उपाय र बिधीहरु अपनाउन सुझाव दिँदा समेत मानिसहरु अटेर गरिरहेका छन् । प्रशासनले बजारमा भिडभाड नगर्न तथा मास्कको अनिवार्य प्रयोग गर्न सचेतना दिइरहेको छ । स्थानिय प्रशासनले माइकिङ गराएर मानिसहरुलाई महामारीबारे सचेतना दिन अग्रसरता देखाएको छ ।

यति मात्र नभएर बढी भिडभाड हुने मालपोत, नापी कार्यालय लगायतमा भिड नियन्त्रणका लागि अनुरोध गर्नुका साथै अग्रसरता देखाएको छ । यस्तै यातायात संचालनमा जोर बिजोर प्रणाली लागु गरेर भिड नियन्त्रण गर्ने कार्यमा लागिपरेको छ । यस्तो अवस्थामा समेत मानिसहरुले कोरोनालाई हलुका रुपमा लिइरहेका छन् । प्रहरी प्रशासनको आग्रहलाई वेवास्ता गर्दै आफूखुशी कार्य गरिरहेका छन् ।

तसर्थ कोरोना महामारीसँग जुध्न स्वास्थ्य मापदण्डको पालिना अनिवार्य रहेको छ भने महामारीलाई परास्त गर्न एक मात्र उपाय सामाजिक दुरी कायम, मास्कको अनिवार्य प्रयोग तथा समय समयमा सेनिटाइजर वा साबुन पानीले हात धुने गर्नुपर्दछ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कोशी टप्पुमा अर्ना बढे

धरान, १९ वैशाख (रासस) ।

सुनसरी, उदयपुर र सप्तरी जिल्लामा फैलिएको अर्नाको राजधानी मानिने कोशी टप्पु वन्यजन्तु आरक्षमा पछिल्लो समयमा अर्नाको सङ्ख्यामा वृद्धि भएको छ । चार वर्षअघिको तुलनामा आरक्षमा १२ दशमलव नौ प्रतिशतले अर्नाको सङ्ख्या बढेको आरक्षण प्रशासनले जनाएको छ ।

कोशी टप्पु वन्यजन्तु आरक्षको कार्यालयले वैशाख ६ देखि ११ गतेसम्म अर्ना गणना गरेको थियो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग काठमाडौँका सहायक इकोलोजिष्ट हेमराज आचार्यको नेतृत्वमा गणना गरिएको थियो । गणना प्रतिवेदन अनुसार ५७ वटा अर्ना बढेको पाइएको छ । कोशी टप्पुभित्र अर्नाको कूल सङ्ख्या ४९८ पुगेको छ । विसं २०७४ मा भएको गणनामा आरक्षभित्र ४४१ वटामात्र अर्ना रहेका पाइएको थियो ।

विसं २०३२ मा स्थापना भएको कोशी टप्पुमा शुरुमा ६३ वटामात्र अर्ना रहेका थिए । त्यसयता क्रमशः अर्नाको सङ्ख्यामा वृद्धि हुँदै गए पनि उचित संरक्षणको भने अभाव हुँदै गएको आरक्षको प्रशासन बताउँछ ।

प्रतिवेदनमा अर्नाको बासस्थानको सुधार गर्नुपर्ने, अनाधिकृत रूपमा रहेका घरपालुवा भैँसीहरू हटाउनु पर्ने, मानिस र जनावरका बीचमा हुने गरेको द्वन्द्वको अन्त्य गर्ने अवस्था निर्माण गर्न भनिएको छ । अर्नाजस्ता देखिने भैँसीहरूको बाहुल्यताले आरक्षमा रहेका सक्कली अर्नालाई चरनको पनि अभाव हुँदै आएको छ । जसका कारण यी अर्नाहरू नै गाउँ पस्ने गरेका छन् । गाउँ पस्दा मानिससँग द्वन्द्व पनि हुने गरेको छ । यसरी भएको द्वन्द्वमा परेर हालसम्म १० वटा अर्ना मरेको जानकारी आरक्ष प्रशासनले गराएको छ ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार संरक्षित प्रजाती, सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण महासन्धी एपेण्डिक्स् थर्ड मा सूचीकृत तथा आई.यु.सि.एनको इनडान्जेरेड सूचीमा रहेको दुर्लभ वन्यजन्तु अर्नाको संरक्षणको गर्ने उद्देशयले २०३२ सालमा आरक्षको स्थापना गरेको हो ।

कोशी टप्पु विश्वमै दुर्लभ वाइल्ड वाटर बफेलो (अर्ना) का लागि प्रख्यात छ । आरक्षको कार्यालयले दुर्लभ अर्नाको सङ्ख्यामा हुँदै गएको वृद्धिलाई महत्वपूर्ण उपलब्धिका रूपमा लिएको छ । संरक्षण अधिकृत अशोक रामका अनुसार आरक्षमा वयश्क भाले अर्नाको सङ्ख्या २ सय २१ वटा रहेको छ । त्यसैगरी वयश्क पोथी अर्ना १ सय ६२ वटा र अर्ध वयश्क अर्ना ४८ वटाको सङ्ख्यामा रहेका छन् । यस्तै आरक्षभित्र दुई वर्ष उमेरसम्मको अर्नाको बच्चा ३५ वटा छन् । अर्ना गणनाको क्रममा एक वर्ष सम्मको बच्चा ३२ वटा भेटिएको थियो । विसं २०७३ मा कोशी टप्पुबाट राष्ट्रिय निकुञ्जमा १३ वटा लगिएको थियो । ती अर्ना निकुञ्जको इन्क्लोजरमा राखिएको छ ।

घरपालुवा भैँसीहरूको पूर्वज मानिने अर्ना नेपाल, भारत, भुटान, कम्बोडिया, थाइल्याण्डमा पाइन्छ । विश्वको करिव ८२ प्रतिशत सङ्ख्या भारतको काजिरङ्गा राष्ट्रिय निकुञ्जमा छन् । दोश्रो ठूलो सङ्ख्या कोशी टप्पुमा रहेको यस आरक्षले जनाएको छ ।

विसं २०३२ मा स्थापना भएको आरक्षको क्षेत्रफल १७५ वर्ग किलोमिटर मात्र रहेको छ । आरक्षमा रहेका जंगली जनवारको अनुपातमा यो क्षेत्र अत्यन्तै न्यून हो । सरकारले २०६१ सालमा आसपासको क्षेत्रलाई मध्यवर्ती क्षेत्रको रूपमा घोषणा गरेको थियो । यसको क्षेत्रफल १७३ वर्ग किलोमिटर पर्छ । मध्यवर्ती क्षेत्रमा सप्तरीको सप्तकोशी नगरपालिका, कंकालिनी हनुमान गरपालिका, सुनसरीको कोशी गाउँपालिका, बराहक्षेत्र नगरपालिका र उदयपुरको बेलका नगरपालिकाका केही वडाहरू पर्दछन् ।

# विश्व समाचार

## भारतमा एकै दिन झण्डै चार लाख संक्रमित

नयाँ दिल्ली, १९ वैशाख (रासस/एएनआई) ।

भारतमा कोरानोभाइरसबाट थप झण्डै चार लाख मानिस कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन् । सरकारी अधिकारीले आइतबार दिएको जानकारीअनुसार थप तीन लाख ९२ हजार ४८८ जनालाई कोरोनाभाइरसको सङ्क्रमण भएको हो ।

यसअघि शनिबार एकै दिन सबैभन्दा धेरै चार लाखभन्दा बढी सङ्क्रमित भएका थिए । आइतबार सार्वजनिक गरिएको सङ्ख्या अघिल्लो दिनको भन्दा केही कम हो । भारतमा कोरोनाभाइरसबाट अहिलेसम्म कुल एक करोड ९५ लाख ५७ हजार ४५७ जना सङ्भकस्क्रमित भएको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा भारतमा तीन हजार ६८९ जनाको कोरोनाभाइरसका कारण मृत्यु भएको छ ।

योसँगै भारतमा अहिलेसम्म कोरोनाभाइरसका कारण मृत्यु भएकाको सङ्ख्या दुई लाख १५ हजार ५४२ पुगेको छ । भारतमा कोरोनाभाइरसबाट सङ्क्रमित भएकामध्ये ३३ लाख ४९ हजार ६४४ अहिले पनि सङ्क्रमित अवस्थामै रहेका छन् । सरकारी अधिकारीले दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा मात्रै तीन लाख सात हजार ८६५ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन् ।

भारतमा अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको सङ्ख्या एक करोड ५९ लाख ९२ हजार २७१ पुगेको अधिकारीहरुले जनाएका छन् । भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले अहिलेसम्म २९ करोड एक लाख ४२ हजार ३३९ पटक स्वाब परीक्षण गरेको छ भने पछिल्लो एक दिनमा मात्रै १८ लाख चार हजार ९५४ जनाको कोरोना परीक्षण गरिएको छ । स्वास्थ्य मन्त्रालयका अनुसार भारतमा अहिलेसम्म १५ करोड ६८ लाख १६ हजार ३१ ओटा खोप प्रयोग भएको छ ।

## साढे एक लाख रुसी स्पुतनिक भी खोप भारत आइपुग्यो

हैदराबाद, १९ बैशाख (रासस/पिटिआई) ।

कोरोनाभाइरसको महामारीबाट आक्रान्त भएको भारतलाई रुसले कोरोनाभाइरस विरुद्धको खोप सहयोग गरेको छ । रुसले कोरोनाभाइरस विरुद्ध आफैंले विकास गरेको स्पुट्नीक भी खोप एक लाख ५० हजार मात्रा भारतलाई प्रदान गरेको हो । रुसले भारतलाई सहयोग स्वरुप पठाएको खोप शनिबार भारत आइपुगेको अधिकारीले जानकारी दिएका छन् ।

रुसले अहिले प्रारम्भिक चरणको मात्रै पठाएको र अरु पनि पठाउने तयारी भइरहेको रुसी पक्षले बताएको भारतीय अधिकारीहरुको भनाइ छ । खोपको अर्को मात्रा आगामी केही हप्तापछि आउने उनीहरुले बताएका छन् । रुसबाट पठाइएको खोप भारतको हैदराबादमा झारिएको हो । भारतमा कोरोनाभाइरसबाट सङ्क्रमित भएकालाई स्पुट्नीक भी खोप लगाउने अनुमति यसअघि नै सरकारी निकायले दिइसकेको छ ।

भारतमा योसँगै तीन ओटा खोप प्रयोगका लागि अनुमति दिइएको छ । अरु दुई ओटा खोप कोभ्याक्सीन र कोभिसिल्ड यसअघिदेखि नै प्रयोग पनि हुँदै आएको थियो । भारतमा कोरोनाभाइरसको महामारी दिन प्रतिदिन बढेपछि भारतको आन्तरिक स्रोत साधनले मात्रै थेग्न नसक्ने अवस्था सृजना भएको छ । महामारीसँग जुध्नका लागि भारतलाई गाह्रो भएपछि अमेरिका, बेलायत, जापान, रुसलगायतका धेरै देशले भारतलाई विभिन्न प्रकारका सहयोग प्रदान गरेका छन् ।




रुपनी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

# स्थानीय तहलाई सूचना तथा सञ्चार प्रविधिमैत्री बनाउनुपर्नेमा जोड

काठमाडौँ, १९ वैशाख (रासस) ।

'डिजिटल नेपाल' को आकाङ्क्षा पूरा गर्नका लागि स्थानीयवासीलाई सूचना तथा सञ्चार प्रविधिमैत्री बनाउनुपर्नेमा जोड दिइएको छ ।

'चौथो राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस-२०७८' का अवसरमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयद्वारा यहाँ आइतबार आयोजित कार्यक्रमलाई भर्चुअल माध्यमबाट शुभकामना व्यक्त गर्दै वक्ताहरूले स्थानीय तहका प्रत्येक कार्यालयलाई आइसिटीमैत्री बनाउनुपर्नेमा जोड दिनुभएको हो ।

राष्ट्रिय योजना आयोगका सदस्य मीनबहादुर शाहीले आइसिटी क्षेत्र मुलुकको आर्थिक विकासलागयत सबै क्षेत्रको विकासमा जोडिएको जनाउँदै आइसिटी क्षेत्रको विकास गर्नुपर्ने बताउनुभयो ।

सरकारमा मुख्य सचिव शङ्करदास वैरागीले डिजिटल नेपालको उद्देश्य पूरा गर्न सबैभन्दा पहिला सरकारी कामकाजलाई नै व्यावहारिक रुपमै डिजिटलमैत्री बनाउने कार्य भइरहेको बताउनुभयो । नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले दूरसञ्चार क्षेत्रमा देखिएका समस्या समाधान गर्दै दूरसञ्चार सेवालाई सबै जनताको पहुँचमा पुऱ्याउने गरी प्राधिकरण तीव्र रूपमा काम गरिरहेको जानकारी दिनुभयो ।

दिवसका अवसरमा मन्त्रालयले आइसिटी क्षेत्रमा योगदान पुऱ्याउने चार सङ्घसंस्था र व्यक्तिलाई आइतबार आइसिटी अवार्ड प्रदान गरेको छ । मन्त्रालयले सुदीप पराजुली, कुसुम लामा, हुवाय कम्पनी र सार्वजनिक महालेखा नियन्त्रण कार्यालयलाई सो अवार्ड प्रदान गरेको हो ।

## तिरहुत गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
गोईठी, सप्तरी
२ नं. प्रदेश, नेपाल

पत्र संख्या :२०७७/०७८
चलानी नं. :

मिति : २०७८।०१।१९

**सूचना !** **सूचना !!** **सूचना !!!**

उपरोक्त सम्बन्धमा तिरहुत गाउँपालिका कार्यालयको मिति २०७७।१२।१२ गतेको निर्णयानुसार आ.व. २०७७/०७८ को गाउँ सभाबाट स्वीकृत तपसिल बमोजिमको गााउँपालिका स्तरीय योजनाहरुको उपभोक्ता समिति गठन गर्नु पर्ने भएकोले देहायको मिति, समय र स्थानमा उपस्थित भई उपभोक्ता समिति र अनुगमन समिति गठन गर्न सम्बन्धी सबै सरोकारवालाहरुलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

तपसिल

| क्र.स. | वडा नं. | योजनाको नाम | विनियोजित रकम | उपभोक्ता समिति गठन हुने मिति | स्थान | समय |
|---|---|---|---|---|---|---|
| १ | १ | वडा न १ मा मुल सडक गोहिबार घर देखी घोघर घर सम्म अधुरो सडकमा माटो ग्रभेल ह्युमपाईप कल्भर्ट निर्माण गर्ने कार्य | १०००००० ।०० | २०७८ ।०१ ।२७ | सन्यासी बाबा स्थान | बिहान ०७:३० बजे |
| २ | ३ | तिरहुत वडा न ३ मा नयाँ महादेव मंदिर निर्माण कार्य | ५०००००।०० | २०७८ ।०१ ।२७ | भिन्दबारको पोखरी डिलमा | बिहान ०९:०० बजे |
| ३ | ३ | वडा न ०३ मा भिन्दवार पोखरी देखी विराजी पोखरी सम्मको सडकमा माटो ग्रभेल गर्ने कार्य | ५०००००।०० | २०७८ ।०१ ।२७ | भिन्दबारको पोखरी डिलमा | दिनको ११:०० बजे |
| ४ | ५ | तिरहुत गा.पा. वडा न ५ भेडियामा ग्रमिन थान निर्माण गर्ने कार्य | ५०००००।०० | २०७८ ।०१ ।२७ | भेडिया ग्रमिन थान | दिनको १:०० बजे |
| ५ | ५ | तिरहुत वडा न ५ मा सन्यासी मंदिरको अधुरो सामुदायिक भवण निर्माण गर्ने कार्य | २०००००।०० | २०७८ ।०१ ।२७ | सन्यासी मंदिरको प्रागंनमा | दिनको ०३:००बजे |
| ६ | ५ | वडा न ५ मा सन्यासी मंदिर निर्माण | ५०००००।०० | २०७८ ।०१ ।२८ | सन्यासी मंदिरको प्रागंनमा | बिहानको ०७:०० बजे |
| ७ | ५ | तिरहुत गा.पा वडा न ५ मा बिन्दी शाहको घर देखी पलार सम्म माटो ग्रभेल (बहुबर्षिय योजना) | ३०००००।०० | २०७८ ।०१ ।२८ | पलारको प्रागंनमा | बिहान ०९:०० बजे |
| ८ | ४ | वडा न ४ मा मुजिलाल मलाहको घर देखी किसन मलाहको घर सम्मको सडकमा माटो ग्रभेल तथा ह्युमपाईप जडान गर्ने कार्य | २०००००।०० | २०७८ ।०१ ।२८ | मुजिलाल मलाहको घर नजिक | दिनको ११:०० बजे |

# बढी मूल्यमा मास्क बिक्री गर्ने सप्लायर्सलाई कारबाही

काठमाडौँ, १९ वैशाख (रासस)।
बढी मूल्यमा मास्क बिक्री गर्ने सप्लायर्सलाई कारबाही गरिएको छ। वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले बढी मूल्य लिएर मास्क बिक्री गर्ने त्रिपुरेश्वरस्थित अल फाइनल सर्जिकल सप्लायर्सलाई आइतबार कारबाही गरिएको हो।

बजार अनुगमनका क्रममा खरीद गरेको मूल्यको तुलनामा दोब्बर मूल्यमा मास्क बिक्री गरेको पाईएपछि उक्त सप्लायर्सलाई कारबाहीस्वरुप रु दुई लाख जरिवाना गरिएको विभागका प्रवक्ता शिवराज सेढाईंले जानकारी दिनुभयो। उहाँका अनुसार अनुगमनका क्रममा उक्त सप्लायर्सले प्रतिगोटा रु ४.४६ पैसामा खरीद गरेको मास्कलाई रु ८.३८ पैसामा बिक्री गरेको पाइएको थियो।

उक्त सप्लायर्सलाई उपभोक्ता संरक्षण ऐन, २०७५ दफा १६ (२) को 'क' बमोजिम अनुचित व्यापारिक क्रियाकलाप गरी दफा ३८ बमोजिम कसुर गरेको पाइएपछि दफा ३९ (१) को 'ख' बमोजिम जरिवाना गरिएको हो। पछिल्लो समय विभागले काठमाडौँ उपत्यकाका तीन जिल्लामा जारी निषेधाज्ञाको समयमा बजारमा अनुचित व्यापारिक कारोबार हुने भन्दै बजार अनुगमनलाई तीव्रता दिएको छ।

गत बिहीबार विभागले भक्तपुरस्थित मास्क उत्पादन गर्ने हिमालयन हेल्थ केयर कम्पनीलाई रु ५० हजार जरिवाना गरेको थियो। उक्त कम्पनीले उपभोक्ता मूल्य नतोकी बजारमा मास्क बिक्री गरेको गुनासोका आधारमा उद्योगमा स्थलगत रूपमा अनुगमन गरी विभागले कारबाही गरेको थियो।




# सरकार जनताका साथमा छ : स्वास्थ्यमन्त्री

काठमाडौँ, १८ वैशाख (रासस)।
स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री हृदयेश त्रिपाठीले कोभिड-१९ का सङ्क्रमितका उपचारमा सरकारले हातखुट्टा नछाडेको बताउनु भएको छ। उहाँले आइतबार भिडियो सन्देश जारी गर्दै भन्नुभयो, "बाहिर प्रचार गरेजस्तो सरकारले हातखुट्टा छाडेको छैन। सरकार जिम्मेवारीका साथ कर्तव्यपालनामा अगाडि बढेको छ।"

मन्त्रालयले शुक्रबार स्वास्थ्य प्रणालीले थेग्नै नसक्ने गरी सङ्क्रमण बढेकाले अस्पतालमा राखेर हेरचाह गर्न शय्या उपलब्ध गराउन नसकिने भइसकेको बताएपछि उहाँले आइतबार भिडियो सन्देश जारी गर्दै सरकार जनताका साथमा रहेको स्पष्ट गर्नुभयो।

मन्त्री त्रिपाठीले संक्रमितको उपचारको सबै जिम्मेवारी सरकारले लिएको बताउँदै संक्रमणबाट आतंकित हुने अवस्था नरहेको जनाउनुभयो। सरकार आफ्नो प्रतिबद्धता पूरा गर्न तयार रहेको बताउँदै उहाँले नेपाली जनताको जीवन जोगाउन हरप्रयास गरिरहेको समेत बताउनुभयो। "कोभिड-१९ को दोस्रो लहर गम्भीर र जटिल रहे पनि हामी आतंकित हुने स्थितिमा छैनौँ", उहाँले सन्देशमा भन्नुभएको छ, "सरकार हरेक उपचारको विधि, उपचारका लागि अस्पताल थप्ने काम गरिरहेको छ।"

उहाँका अनुसार संक्रमणको उपचारका लागि काठमाडौँ उपत्यकामा एक हजार शय्याको व्यवस्था गरिएको छ। "सरकार अक्सिजन जोहो गर्नेदेखि लिएर संक्रमितको उपचार गर्न दत्तचित्त भएर लागेको छ", उहाँले सन्देशमा भन्नुभएको छ।

संक्रमण रोकथाम र नियन्त्रणका लागि प्रयोग गरिने औषधि दुईतीन दिनभित्र नेपालमा आपूर्ति गरिने उहाँको भनाइ छ। मन्त्री त्रिपाठीले एकैचोटि संक्रमणको दोस्रो लहर आएको र दोस्रो भेरियन्ट आक्रमणकारकी रहेकाले हठात संख्या बढ्दो रहेको जनाउनुभयो।

उहाँले संक्रमण रोकथाम र नियन्त्रणमा आफ्नो व्यवस्थापनमा कहींकतै कमजोरी भएको भए नैतिक जिम्मेवारीसमेत लिइने स्पष्ट गर्नुभयो। नेपाली जनताको जीवन महत्वपूर्ण भएकाले नै संक्रमण रोकथामका लागि निषेधाज्ञा गरिएको उहाँको भनाइ छ। "संक्रमणको दर घटाउनमा यसले मद्दत पुऱ्याउने छ। महामारीका लागि रोकथाम महत्वपूर्ण विषय हो। उपचार दोस्रो हो। त्यसैले रोकथामका लागि निषेधाज्ञा गरिएको हो," उहाँले भन्नुभयो।

उहाँले सबैलाई निषेधाज्ञा पालना गरेर संक्रमण रोकथाम र नियन्त्रण गर्न सहयोग गर्न र सुरक्षाका सबै मापदण्ड अपनाउनसमेत आग्रह गर्नुभयो।

विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी




# प्रधानमन्त्रीले विश्वासको मत लिने

**दैनिक समाचारदाता**
**काठमाडौं, १९ बैशाख।**
प्रधानमन्त्री केपी शर्मा ओलीले संसदबाट विश्वासको मत लिने भएका छन्।

प्रधानमन्त्री निवास बालुवाटारमा जारी मन्त्रिपरिषद् बैठकमा ओलीले आफूले विश्वासको मत लिने जानकारी गराएका हुन्।

यहि वैशाख २७ गते सदनबाट विश्वासको मत लिने तयारीमा प्रधानमन्त्री रहेको बालुवाटार स्रोतले जनाएको छ।

*सात हजार ...*

५/५ जना, ओखलढुंगा र रसुवामा ४/४ जना थपिएका छन्।

यस्तै प्युठानमा ३, खोटाङ, ताप्लेजुङ, धनकुटा, भोजपुर र मुगुमा २/२ जना, तेह्रथुम, पाँचथर, संखुवासभा, सोलुखुम्बु, डोल्पा, रूकुम पशचिम, दार्चुला र बझाङमा-१/१ जना कोरोना संक्रमित भेटिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*